आज मिति २०८१ साल जेठ ०९ गते बुधबार दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को २० औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य- रुणा

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य- सुनिता

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सचिव-

<u>आमन्त्रित</u> :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. छानविन समिति गठन सम्बन्धमा ।
३. शित भण्डार निर्माण कार्यक्रम सम्बन्धमा ।
४. पोषण सामाग्री वितरण सम्बन्धमा ।
५. जनश्रमदानको रकम भुक्तानी सम्बन्धमा ।
६. वडा कार्यालयको पुरानो भवन लिलाम गर्ने सम्बन्धमा ।
७. ध्वनि प्रदुशण नियन्त्रण सम्बन्धमा ।
८. जनश्रमदानको रकम सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०१/१० गते बसेको आ.व. २०८०/०८१ को १९ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८१/०१/२० गते देवानगञ्ज गा.पा.बाट लिईएको शिक्षकको परीक्षामा ३० जना विद्यार्थी सहभागी भएकोमा कुनैपनि विद्यार्थी पास नभएको भनि नतिजा प्रकाशन भएको सम्बन्धमा के कसो भएको हो छानविन गरि प्रतिवेदन पेश गर्नेगरी तपसिल बमोजिमको छानविन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**
संयोजक : श्री सुर्य नायायण पाल, १ नं. वडा अध्यक्ष
सदस्य : श्री जग नारायण मेहता, २ नं. वडा अध्यक्ष
सदस्य : श्री अनिल कुमार भगत, ३ नं. वडा अध्यक्ष
सदस्य : श्री हरिनन्दन मेहता, ६ नं. वडा अध्यक्ष
सदस्य सचिव : श्री वाल कुमार श्रेष्ठ, कम्प्युटर अपरेटर

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.४ मा निर्माण भएको शित भण्डारमा कम्पाउण्ड वाल निर्माण गर्ने अत्यावश्यक देखिएकोले नेपाल सरकार शसर्त अनुदान अन्तर्गत शित भण्डार निर्माण कार्यक्रम शिर्षकको रकमबाट कम्पाउण्ड वाल निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा पोषण कार्यक्रम अन्तर्गत १५ जना सुनौला हजार दिनका महिलालाई कृषि सामाग्री वितरण गर्ने सम्बन्धमा प्रत्येक वडाबाट २ जनाको

दरले सिफारिस माग गरी १४ जना र १ जना गा.पा. अध्यक्षज्यूले तोके बमोजिम व्यक्तिलाई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गत आ.व.हरुमा उपभोक्ता समितिबाट निर्माण कार्य भई भुक्तानी बाँकी जनश्रमदानको रकम सबै गा.पा.को समपुरक कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.१ को पुरानो कार्यालय भवन पुरानो तथा प्रयोगहिन रहेको र उक्त जोखिमपूर्ण भवन लिलाम प्रकृयाद्धारा विक्रि गरी भत्काउने निर्णय मिति २०८१/०२/०६ को वडा समितिको बैठकबाट भएको हुँदा उक्त भवन लिलाम प्रकृया गरि विक्रि गरि भत्काउन अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र विभिन्न प्रकारका धार्मिक, सांस्कृतिक, विवाह तथा अन्य विविध कार्यक्रमहरु आयोजना गर्दा अत्यन्तै ठुलो आवजमा डि.जे. बजाई गाउँसमाजमा ध्वनी प्रदुशण गर्ने गरेको सम्बन्धमा विभिन्न निकायबाट जनगुनासो आएकोले यस गाउँपालिकाको गम्भिर ध्यानाकर्सण भएको छ । यस्ता विवाह लगायतका कुनैपनि धार्मिक साँस्कृतिक कार्यक्रमहरु संचालन गर्दा अब उप्रान्त अनिवार्य रुपमा स्थानीय सुरक्षा निकायबाट अनुमति लिनुपर्ने तथा कुनै कार्यक्रम डि.जे. तथा अन्य ठुलो आवाज निस्कने माईक बजाउँदा कार्यक्रम स्थल जाँदा तथा आउँदा बाटोमा बजाउन नपाईने तथा कार्यक्रम स्थलमा समेत न्यून आवाजमा अन्य निकायलाई कुनै असर नपर्ने गरि बजाउनु पर्नेछ । यस्ता कार्यक्रमहरुमा बढीमा २ (दुई) वटा सम्म साउण्ड बक्स र एउटा हर्न मात्र कसैलाई प्रत्यक्ष असर नपर्ने गरी बजाउन पाईनेछ । ठुलो आवाजमा यस्तो सामाग्री बजाएमा उक्त कार्यक्रममा प्रयोग गरिएका सम्पूर्ण ध्वनीसँग सम्बन्धित विद्युतीय सामाग्रीहरु नियन्त्रणमा लिई रु.१०,०००/- (दस हजार रुपैया मात्र) सम्म जरिवाना गरेर मात्र १ पटकलाई छोडीदिने र पुनः सोही प्रकृतिको कार्य दोहोर्‍याएमा त्यस्ता सामाग्री जफत गरिने व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र निर्माण हुने आयोजनाहरु मध्ये दर्ता भएको मठ मन्दिर तथा समुदायिक संस्थाको आधिकारीक समितिबाट सोही संस्थासँग सम्बन्धित निर्माण कार्य गर्नु पर्ने भएमा उक्त संस्था दर्ता भई नियमित

नविकरण भइरहेको छ भने सो संस्थालाई नगद साझेदारीको रकम दाखिला नगराई श्रम सहभागितामा निर्माण कार्य संचालन गराउन सकिने सर्वसम्मत निर्णय गरियो ।